बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र संख्याः

चलानी नम्बरः

मितिः २०७९/०२/०४

**तहबृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना!**

प्रदेश निजामती सेवा अध्यादेश, २०७८ को दफा ३०(१) मा भएको ब्यवस्था बमोजिम प्रदेश प्रशासन सेवा लेखा समूहका कर्मचारीको तह बृद्धिको लागि आवश्यक योग्यता र सेवा अवधी पुगेका बागमती प्रदेश सरकार अन्तर्गतका मन्त्रालय/आयोग/सचिवालय एवं मातहत कार्यालय/निकायमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरूले स्तरवृद्धिको लागि बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०७९/०१/२२ च.नं. १९२९ प्रमुख सचिवस्तरीय निर्णायानुसार भएको परिपत्र तथा अध्यादेशको ब्यवस्था बमोजिमको तहबृद्धिको आवश्यक योग्यता पुगेका इच्छुक कर्मचारीहरुले निवेदन साथ तपशिल अनुसारका सम्पूर्ण कागजातहरू सहित पन्ध्र दिन भित्र यस मन्त्रालयमा निवेदन पेश गर्न यस मन्त्रालयको मिति २०७९/२/४ को सचिवस्तरको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

- तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदमा र समायोजन हुनु पुर्व समान श्रेणी वा पदमा पाँच वर्ष सेवा अवधी पुगेको प्रमाण खुल्ने कागजात,
- तह वृद्धिको लागि अध्यादेशमा तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको प्रतिलिपी,
- सचिवस्तरीय निर्णय गरी पछिल्ला पाँच बर्षको कार्य सम्पादन मूल्याँकन फारम माग गरि पेश गर्ने ।
- प्रदेश निजामती सेवा अध्यादेश २०७८ जारी भए पश्चात दर्ता भएको निवेदकहरुको निवेदन पुन दर्ता गर्नु नपर्ने ।

२०७९/०२/०४

(विनोद विडारी)

अधिकृत आठौं

नोटः तोकिएको समय भित्र प्राप्त नभएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने ब्यहोरा समेत जानकारी गराइन्छ । प्रदेश निजामती सेवा अध्यादेश २०७८ जारी भए पश्चात दर्ता भएको निवेदकहरुको निवेदन पुन दर्ता गर्नु नपर्ने जानकारी गराइन्छ ।